# संचारिका फिचर सेवा

वर्ष १३, अङ्क १४ जेठ/असार May 2012

नेपालमा लैङ्गिक हिंसा सदियौंदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौं !!**

# रुकुमका महिलाले सुरु गरे घरेलु हिंसाविरुद्धको अभियान

**गाउँलाई जुवातास तथा मदिरा निषेधित क्षेत्र बनाउनका लागि तीनवटै वडाका महिलाले माइकिङ गरेर गाउँलाई सभ्य र स्वच्छ वातावरणमा राख्न नाराजुलुससहित गाउँ परिक्रमा गरेका थिए ।**

**नुमा रिजाल**

नेपाल सरकारले मुलुकभरि मदिरा बिक्री-वितरणका लागि इजाजतपत्र धमाधम दिइरहेका बेला रुकुमका दुई गाविसका महिला भने त्यसलाई निरुत्साहित गर्न लागिपरेका छन् । गाउँमा मदिराजन्य पदार्थले व्यापकता पाउनुका साथै विभिन्न सामाजिक विसङ्गतिका घटना बढ्न थालेपछि महिलाले मदिरा निषेधित क्षेत्र घोषणा गरेका हुन् । रुकुमको सदरमुकाम खलंगादेखि १४ कोस टाढा उत्तरमा पर्ने आठबिसकोट गाविसका ३, ४ र ५ वडाका महिला आपसमा मिलेर गाविसका तीनवटै वडामा मदिरा निषेधित क्षेत्र घोषणा गरेका छन् । साथै ती गाउँमा जुवातास, जाँडरक्सी तथा अन्य सामाजिक कुरीति निषेधित गरिएको छ । तीनवटै वडाका महिलाद्वारा गठित जुवातास तथा मदिरा नियन्त्रण महिला मूल समूहले गाउँमा एक कार्यक्रम गरी ती ठाउँलाई जुवातास तथा मदिरा निषेधित क्षेत्र घोषणा गरेको हो । जुवातास तथा मदिरा नियन्त्रण महिला समूहकी अध्यक्ष खली बुढाका अनुसार तीनवटै वडालाई जुवातास तथा मदिरा निषेधित क्षेत्र घोषणा गर्दा सबैले स्वागत गर्नुका साथै ऐक्यबद्धता जनाएका थिए । ७८ वर्षीया मनसरा बुढाले गाउँका महिलाको यस्तो कार्य देखेर आफू जिन्दगीमै सबैभन्दा खुसी भएको बताइन् । त्यस्तै, विष्णु बोहोराले महिलाको यस्तो कामले आफूहरूलाई पनि केही चेतना भएको जनाए । आठबिसकोट- ४ का ५८ वर्षीय दलबहादुर बुढाले महिलाको अभियानलाई सहयोग गर्दै अब सधैंका लागि जुवातास र जाँडरक्सी छोडेको घोषणा गरेका छन् । उनले अहिलेसम्म आफूले जुवातास तथा जाँडरक्सीमा करिब १२ लाखजति खर्च गरिसकेको बताए । यसैगरी मावि दाँजेका शिक्षक नवराज बुढाले महिलाको यस्तो कामले शिक्षित युवालाई चुनौती दिँदै नयाँ पाठ सिकाएको बताए । गाउँलाई मदिरा तथा जुवातास नियन्त्रण गरी सभ्य गाउँ बनाउनका लागि यस्तो कार्य गरिएको महिलाले बताएका छन् । गाउँलाई जुवातास तथा मदिरा निषेधित क्षेत्र बनाउनका लागि तीनवटै वडाका महिलाले माइकिङ गरेर गाउँलाई सभ्य र स्वच्छ वातावरणमा राख्न नाराजुलुससहित गाउँ परिक्रमा गरेका थिए । पछिल्लो समयमा गाउँमा मदिराजन्य पदार्थ व्यापक रूपमा भित्रिनुका साथै त्यसको सेवनले गाउँमा झगडा, लुटपाट तथा महिला हिंसा बढेकाले यसको नियन्त्रणका लागि यो कदम चालिएको जुवातास तथा मदिरा नियन्त्रण महिला समूहकी अध्यक्ष खली बुढाले बताइन् ।

गाउँका युवा काममा भन्दा जुवातास र जाँडरक्सीतिर लागेकाले युवालाई कुलतबाट बचाउन पनि त्यत्तिकै जरुरी थियो । महिला समूहकी उपाध्यक्ष देउकी बुढाका अनुसार गाउँमा जुवातास तथा जाँडरक्सीले पुरुषबीच मनमुटाव र झगडा त हुन्थ्यो नै, रक्सी खाएर श्रीमती पिट्ने र आमासँग झगडा गर्नेको सङ्ख्या पनि धेरै थियो । रक्सी र जुवातासमा उडाउने पैसाले त घरको अन्य गर्जो टर्न थालेको छ । महिलाको यस्तो काममा पुरुषले सहयोग नगरेका भए यो कुरा सम्भव थिएन । आठबिसकोट- ४ का युवा उज्ज्वल बीसीका अनुसार महिलाको यो अभियानले गाउँको इज्जत नै बढाइदिएको छ । सुरुसुरुमा यस्तो काम सफल होला र ? जस्तो लागेको भए पनि अहिले व्यवहारमै लागू भएको छ । महिलाको प्रयासका कारण अहिले पूरै गाउँ सभ्य ठाउँमा परिणत भएको छ । अहिले गाउँमा जाँडरक्सी बनाउन पनि पाइँदैन । जुवातास खेल्न नपाइने तथा यदि कसैले ती वडाहरूमा जुवातास, जाँडरक्सी तथा अन्य सामाजिक विसङ्गति बढ्ने कार्य गरेको पाइएमा पाँच हजारदेखि १० हजारसम्म जरिवाना गरिने समूहले निर्णय गरेको छ । चाडवाड, विवाह, उत्सव, भोज तथा अन्य कार्यक्रममा पनि मदिरा खान तथा जुवातास खेल्न पाइँदैन । जुवातास तथा मदिरा नियन्त्रण समूहकी सचिव सीता महताराका अनुसार गाउँमा कुनै पनि बहानामा जुवातास वा मदिराजन्य सेवनमा छुट दिए

बानी पर्दै जाने भएकाले यसप्रकारले निषेध गरिएको हो । यो अभियानको प्रमुख उद्देश्यचाहिँ घरेलु हिंसा नियन्त्रण नै हो ।

जिल्लामा मदिरा सेवनपछिको पीडा यति छ कि केही समयअघि पिठ्युँमा साना बच्चा बोकेका एक दर्जनभन्दा बढी महिला जिल्लाको अति दुर्गम गाविस जाङबाट तीन दिन हिँडेर सदरमुकाम आइपुगे । तिनमा प्रायः सबै बच्चा बोकेका र दुईजना उमेरले ६० पुगेका वृद्धा पनि थिए ।

गाउँमा विकृतिका घटना बढ्दै गएपछि रोकथाम गर्न दर्ता गर्ने उद्देश्यले उनीहरू सदरमुकाम खलंगा आइपुगेका थिए । रुकुम जाङ गाविसका ती महिलाले सदरमुकाममा समूह दर्ता गरे । जुवातास खेल्ने, श्रीमती कुट्ने, दोस्रो बिहे गर्नेलगायतका विकृतिबाट वाक्कदिक्क भएपछि यसविरुद्ध केही गर्ने अठोटले आफूले संस्था दर्ता गरेको उनीहरूले बताए । 'हामीले आवाज उठाउँदा हामीलाई समेत अन्याय भयो, अब संस्था दर्ता गरेर हामी सबै अगाडि बढ्छौं,' ६ महिनाको बच्चा बोकेर सदरमुकाम आएकी जाङ गाविस- ९ कि निशा रोकायाले भनिन् । उनका अनुसार असल समाजका लागि महिला जागरण केन्द्र नामको संस्था जिल्ला प्रशासनमा दर्ता गरिएको छ । सदरमुकामबाट तीन दिनको पैदल यात्रा गर्नुपर्ने निकै दुर्गम गाविस जाङमा कुनै पनि सङ्घ-संस्थाहरूको पहुँच रहेको छैन । संस्था दर्ता गरेर सभ्य समाजको निर्माणका लागि सुधारमूलक काम गर्ने सोच राखेका महिलाले सबैसँग सहयोगको आग्रहसमेत गरेका छन् । पहिला त संस्था दर्ता कहाँ गर्नुपर्छ भन्ने आफूहरूलाई जानकारीसमेत नभएको बताउँदै संस्थाकी अध्यक्ष निशा रोकायाले भनिन्, 'संस्थाका लागि भनेर सदरमुकाम त आइयो, कहाँ जाने, के गर्ने केही थाहा थिएन । सबै ठाउँ घुमेर थकित भएपछि युवा संवाद केन्द्रमा पुग्यौं, केन्द्रका अध्यक्ष खड्गबहादुर डाँगीले संस्थाको विधान निर्माणका लागि सहयोग गर्नुका साथै संस्था दर्ता गर्ने काममा ठूलो सहयोग गर्नुभो, हामीलाई त संस्थाका लागि विधान चाहिन्छ भन्ने पनि थाहा थिएन ।'

उमेरले ६० पुगेकी रामकली रोका पनि महिलाको अभियानमा साथ दिन हिँडेर सदरमुकाम आएकी हुन् । उनले भनिन्, 'समाज धेरै बिग्रियो, अब त केही गर्नैपर्छ जस्तो लाग्यो, त्यही भएर आएकी ।' धेरै युवा बिग्रिए, शिक्षक पनि विद्यालयमा तास खेल्छन्, शिक्षकले नै जाँड खाएर हिँडेपछि अरूले सिक्ने नै भए, छोरीबुहारी कुटिने त्यत्तिकै ।

जाङकी लक्ष्मी रोकायाका अनुसार यसभन्दा अगाडि उनीहरूले समाजमा महिला समूह गठन गरेर काम गरिरहेका थिए । तर, वैधानिकता नभएको भन्दै सबैले विरोध गरेपछि वैधानिक रूपमा संस्था दर्ता गर्न सदरमुकाम खलंगा आएका हुन् । जाङ- ९ की जुनकुमारी गुरुङले जुनसुकै जात, थर र समुदायका भए पनि महिलाका समस्या उस्तैउस्तै भएकाले विकृति रोक्न सामूहिक प्रयास आवश्यक ठानेर संस्थामार्फत काम गर्न लागेको बताइन् । संस्थामा सहभागी भएर सबैभन्दा पहिला उनीहरू घरेलु हिंसा रोक्न चाहन्छन्, महिला पनि पुरुषजस्तै मान्छे नै हुन् भन्ने कुरालाई स्थापित गराउन चाहन्छन् ।

*साभार : संचारिका फिचर सेवा*

*(नुमा रुकुममा कार्यरत पत्रकार हुन्)*

# एचआइभी संक्रमित : महिलालाई गाह्रो

**जिल्लामा एचआईभीका क्षेत्रमा काम गर्ने अधिकांश संस्थाको तथ्याङ्क हेर्दा यहाँका महिलामा आफ्नै श्रीमान्हरूबाट एचआईभी सर्ने गरेको पाइएको छ । जसअन्तर्गत कोही गाडीचालक, वैदेशिक रोजगारमा गएर फर्केका, सुरक्षा क्षेत्रसँग सम्बन्धित व्यक्तिका श्रीमतीलगायत रहेका छन् ।**

**✍ सरस्वती अधिकारी**

एचआईभी सङ्क्रमित विमलालाई अचानक रोगले च्याप्यो । राति एक बजे हेटौंडा अस्पताल पुऱ्याइयो, तर डाक्टर भेटिएनन् । खबर गरिसकेपछि बल्ल-तल्ल डाक्टर त आए तर उनले बिरामीलाई जाँचेनन् । एचआईभी सङ्क्रमितका नजिक पर्न नचाहने ती

डाक्टरले बिरामी कुरुवासँग कुराकानी गरे अनि औषधि लेखिदिएर घर पठाइदिए ।

करिब ६ वर्षदेखि एचआईभी सङ्क्रमित विमलालाई अहिले मकवानपुर महिला समूहले सहारा दिइरहेको छ। सोही समूहको सम्पर्कमा रहेकी अर्की सङ्क्रमित मीना बल (नाम परिवर्तन) ले पनि हेटौंडा अस्पतालमा त्यस्तै दुर्व्यवहार खेप्नुपरेको थियो। उत्तरी क्षेत्र पालुङबाट उनी हेटौंडा झरेको झन्डै एक दशक भयो। ३२ वर्षीया मीनालाई ड्राइभिङ पेसामा आबद्ध आफ्नै श्रीमान्‌बाट सात वर्षअघि एचआईभी सरेको हो। अहिले उनीसँग न त श्रीमान् छन् न त छोराछोरी नै। जन्मँदै एचआईभी लागेका दुई वर्षीया छोरी र चार वर्षीय छोराको मृत्यु भइसकेको छ। उनलाई मकवानपुर महिला समूहले अभिभावकत्व प्रदान गरिरहेको छ। उनको अवस्था अहिले अत्यन्तै जटिल छ। रोगले च्याप्दै गएपछि संरक्षकत्व प्रदान गरिरहेको समूहले नै उनलाई हेटौंडा अस्पताल पुऱ्याएको थियो। तर, डाक्टरले रोगबारे उनीसँग भन्दा पनि साथी गएकासँग सोधपुछ गरेर औषधि दिएर पठाए। मीनासँगै गएकी समूहकी कार्यक्रम संयोजक राधिका अधिकारीले डाक्टरको भनाइ उद्धृत गर्दै भनिन्, ‘तपाईले भनेपछि मैले बुझेँ, चेक गर्नैपर्दैन, औषधि लेखिदिएको छु खुवाउँदै गर्नु, भएन भने ४/५ दिनपछि काठमाडौं रिफर गर्नुपरे गरौंला ।’

अधिकारीका अनुसार, एचआईभी सङ्क्रमितहरू पटकपटक यसप्रकारका दुर्व्यवहार सहन बाध्य छन्। चिकित्सकहरूको यस्तो व्यवहारले सङ्क्रमितको मनोबल गिर्ने गरेको उनको अनुभव छ। अहिले ती महिला हेटौंडामै एउटा डेरा लिएर बसिरहेकी छिन्। सङ्क्रमितहरूलाई भाडामा कोठा पाउन पनि गाह्रो छ। केही समयअघि हेटौंडा अस्पतालमा यस्तै प्रकारको घटना भएको थियो, बिरामी एचआईभी सङ्क्रमित भन्ने थाहा पाएपछि चिकित्सकले हातमा तीनवटा ग्लोब्स लगाएर उनको स्वास्थ्य परीक्षण गरे। मकवानपुर महिला समूहकी अध्यक्ष ईश्वरी बानियाँले भनिन्, ‘खासमा एउटै पञ्जा लगाएको भए त्यति वास्तै हुने थिएन, बिरामीकै अगाडि त्यसो गरिदिँदा हामीलाई नै अप्ठ्यारो लागेको थियो। विषयगत जानकारी हुने डाक्टरहरूले नै यसप्रकारको व्यवहार गरेपछि अरू सामान्य मानिसबाट त हुने नै भयो।’ हेटौंडा अस्पतालका प्रमुख डा. रामलखन साहको भनाइमा भने पहिलापहिला त्यस्तो हुन्थ्यो होला तर अहिले अस्पतालमा त्यस्तो वातावरण छैन। यदि त्यस्तो अनुभव कसैलाई रहेछ भने पनि अब त्यसप्रकारको व्यवहारमा सुधार गरिनेछ।

जिल्लामा एचआईभीका क्षेत्रमा काम गर्ने अधिकांश संस्थाको तथ्याङ्क हेर्दा यहाँका महिलामा आफ्नै श्रीमान्‌हरूबाट एचआईभी सर्ने गरेको पाइएको छ। जसअन्तर्गत कोही गाडीचालक, वैदेशिक रोजगारमा गएर फर्केका, सुरक्षा क्षेत्रसँग सम्बन्धित व्यक्तिका श्रीमतीलगायत रहेका छन् ।

भारतलगायतका स्थानमा काम गरेर फर्केका कतिपय पुरुषले एचआईभी बोकेर घर फर्कने र गाउँमा एचआईभीको सङ्क्रमण फैलाउने गरेको पाइएको छ। ग्रामीण क्षेत्रमा गृहिणीका लागि सचेतनामूलक अभिमुखीकरण कार्यक्रम गर्दै आएको कञ्चनजङ्घा महिला विकास समूह पदमपोखरीकी अध्यक्ष बेली दर्लामीमगरले विदेशबाट आएका श्रीमान्‌हरूले यौनसम्पर्क राख्न खोज्दा महिलाले अस्वीकार गर्न नसक्ने भएकाले असुरक्षित यौनसम्पर्कबाट आफूमा एचआईभी सार्न बाध्य हुने गरेको बताइन्। अधिकारकर्मीहरू भन्छन्, ‘बाहिरबाट आएका पतिलाई पहिला एचआईभी जाँचौं अनि मात्र सम्पर्क गरौं भन्ने हिम्मत महिलामा पलाइसकेको छैन। लामो समयपछि घर आएको पतिले यौनसम्पर्क गर्न नपाए सम्बन्ध बिग्रिन्छ कि भनेर महिला चुपचाप बस्छन्।’ एचआईभीको सङ्क्रमण तथा बच्ने उपायबारे जानकारी हासिल गरेका महिला पनि सुरक्षित यौनसम्पर्कका लागि आग्रह गर्न सक्दैनन् भन्दै मगरले भनिन्, ‘जसका कारण उनीहरू श्रीमान्‌बाटै शरीरमा एचआईभी भित्र्याइरहेका छन् ।’

सङ्क्रमित भएका महिलाले चौतर्फी समस्या झेल्नुपरेको छ। लोग्नेको मृत्यु भएपछि लोग्ने टोकुवाको आरोप, घर र माइतीको अवहेलना, अनेक प्रकारका लाञ्छना, पाइलैपिच्छे हुने असहयोग अनि समाजको भेदभाव र छीःछीः र दूरदूर खपिनसक्नु पीडा छ उनीहरूका लागि। एचआईभी सङ्क्रमित मनहरीकी शर्मिला लामा (नाम परिवर्तन) ले भनिन्, ‘सहारा मानिएको लोग्ने नहुँदा घर र माइती दुवै आफ्नो हुँदैन रहेछन्।’ समाज र राज्यका निकायले पनि साथ दिएको अनुभव छैन भन्दै उनले भनिन्, ‘हामीलाई रोगले भन्दा पनि लाञ्छनाले मरेतुल्य बनाइरहेको छ।’

चियापसल गरेर जीविकोपार्जन गरिरहेकी शर्मिलालाई एचआईभीको सङ्क्रमण भएपछि उनको पसलमा आउने ग्राहक पनि घटे। ‘दिनभर पसलमा बस्यो, मानिस नै आउँदैनन्, अब पेसा परिवर्तन गर्ने सोचमा छु,’ उनले भनिन्। यसैगरी हेटौंडा- ८ कमानेमा बसोबास गरिरहेकी उषा पाठक अहिले कोठा सर्दासर्दा हैरान भएकी छिन्। सङ्क्रमित भएकै कारण पहिलेदेखि गर्दै आएको व्यवसाय नै बन्द गर्नुपर्ने,

बसोवास गर्दै आएको गाउँ नै छाड्नुपर्ने अवस्था निकै कष्टकर बन्ने गरेको छ ।

विश्वमै प्रमुख चुनौतीका रूपमा रहेको एचआईभी/एड्स नेपालमा पनि समस्याको रूपमा रहेको छ। विकासोन्मुख देशहरूले यसको रोकथाम तथा नियन्त्रणमा ठूलो धनराशि खर्चिरहेका छन् । सन् १९८८ मा पहिलोपटक एड्सको सङ्क्रमण देखापरेको नेपाल जोखिमको सम्भावनामा रहेको देश हो। मकवानपुरको १४ वटा गाउँ विकास समिति र एक नगरपालिका बढी जोखिममा रहेको पाइन्छ। जिल्ला एड्स समन्वय समितिका अनुसार मनहरी, हाँडीखोला, बसामाडी, चुरियामाई, पदमपोखरी, आमभञ्ज्याङ, भैँसे, नामटार, निबुवाटार, भीमफेदी, हटिया, हर्नामाडी, मकवानपुरगढी, छतिवन र हेटौंडा नगरपालिका जोखिममा रहेका छन् । यी गाविस र नगरपालिकाबाट बालिका तथा युवती भारतमा बेचिने पनि गरेका छन् । बेचिएकै कारण सङ्क्रमित भएर नेपाल फर्किनेको सङ्ख्या पनि धेरै छ। हेटौंडा बजारबाट भारत रक्सौल ५४ किलोमिटर मात्रै टाढा छ। रातको समयमा हेटौंडालाई बासस्थान बनाउने यात्रु हुन्छन्। यातायातकर्मी पनि हेटौंडा रहँदा यौनकर्मीको सम्पर्कमा रहने सम्भावना हुन्छ। उद्योगधन्दा, यातायात, व्यापार र आर्थिक क्रियाकलापले हेटौंडामा यौन धन्दा बढ्दो छ ।

मकवानपुरमा लगभग दुई सय मानिस सङ्क्रमित भएको जिल्ला एड्स समन्वय समिति मकवानपुरको तथ्याङ्कले देखाए पनि कम्तीमा पाँच सयजना हुनसक्ने यस क्षेत्रमा काम गर्दै आएका सङ्घ/संस्थाहरूको अनुमान छ। यसको ३५ प्रतिशत अर्थात् १ सय ७७ जना महिला छन् । मकवानपुरमा एचआईभीका कारण लगभग सयजनाको मृत्यु भइसकेको छ। प्रभावित तथा सङ्क्रमितको संस्था मकवानपुर महिला समूहकी अध्यक्ष ईश्वरी बानियाँका अनुसार ०६० सालपछि मात्रै १२ जना महिलाको मृत्यु भइसकेको छ। 'राज्यले सङ्क्रमितको हितमा पर्याप्त नीति-नियम बनाउन सकेको छैन, उनीहरूले स्वास्थ्य सेवासमेत छिटोछरितो रूपमा पाउँदैनन्,' बानियाँको भनाइ छ।

मकवानपुरमा मानवअधिकारका सवालमा धेरै बहस हुने गरेका छन्, तर त्यस्ताखाले बहसले अहिलेसम्म सङ्क्रमित महिलालाई त्यति समेट्न सकेको छैन। सङ्क्रमित महिलाका समस्या बढी संवेदनशील हुने भएकाले उनीहरूलाई समेटेर विशेष कार्यक्रम अगाडि सार्न आवश्यक देखिन्छ।

*साभार : संचारिका फिचर सेवा*

*(सरस्वती हेटौंडास्थित रेडियो थाहा सञ्चारसँग सम्बद्ध पत्रकार हुन्)*

# आत्मनिर्भरताको नयाँ बाटो

**हिजोआज महिला पर्यटकमध्ये धेरैले सकेसम्म महिला गाइड नै भइदिए हुन्थ्यो भन्ने चाहना राख्ने गरेकाले महिला पथप्रदर्शकको माग बढ्दै गएको छ। मुलुकमा शैक्षिक बेरोजगारी बढिरहेको बेला शिक्षित महिलाका लागि यसलाई एउटा राम्रो अवसरका रूपमा लिन सकिन्छ।**

**✍ कृपा भण्डारी**

पर्यटक पथप्रदर्शक सुनिता गुरुङ नेपालबारे प्रशंसा गर्दै आफूले गाइड गरेको हरेक पर्यटकलाई फेरि पनि नेपाल आउन आग्रह गर्छिन्। विगत पाँच वर्षदेखि पर्यटकको गाइड बनेर नेपालको पर्यटकीय ठाउँहरूको चिनारी दिँदै आएकी सुनितालाई 'गाइड' शब्दसँग आफ्नो चिनारी जोडिँदा निकै खुसी लाग्छ। सिन्धुपाल्चोकको विकट गाउँमा जन्मिएकी सुनिताको यो पेसा पहिला रहर नभएर बाध्यता थियो। 'घरको आर्थिक स्थिति कमजोर थियो, कामको खोजीमा थिएँ, गाइडको काम पाएँ, गरूँ जस्तो लाग्यो, काम गर्दै जाँदा थाहा भयो म त अरू महिलाभन्दा फरक काम पो गरिरहेकी रहिछु,' उनले भनिन्।

महिला पुरुषभन्दा कम छैनन्, अवसर पाए भने जस्तो काम पनि गर्न सक्छन् भन्ने उदाहरण बनेकी छिन् सुनिता। भौगोलिक विविधता भएको नेपालको पहाडी कठिन बाटोहरूमा पथप्रदर्शकको काम गर्नु निकै चुनौतीपूर्ण पनि छ। 'सुरुसुरुमा त पर्यटक स्वयम्ले नै विश्वास नगरेका हुन् कि जस्तो लाग्थ्यो

तर काम गर्दै गएपछि विश्वास आफैं बढ्दै गयो। अहिले त्यो अवस्था छैन, पर्यटक नै महिला गाइडलाई रोज्छन्,' सुनिताले भनिन्। नेपालको भौगोलिक अवस्था, असमान हावापानी आदिमा पर्यटकका लागि पथप्रदर्शक गर्नु निकै गाह्रो हुने गरेको महिला पथप्रदर्शकहरू बताउँछन्। बदलिरहने मौसमबीच विविध समस्या झेल्दै पर्यटकलाई विभिन्न स्थान, संस्कृति, चालचलन आदिको जानकारी दिनु पथप्रदर्शकको काम हो।

पथप्रदर्शकको कामबाट नेपाली महिला राम्रो आम्दानी गर्नुका साथै नेतृत्व विकास गर्न पनि सक्षम बन्दै छन्। पहिलापहिला हिमालतिर मात्र अधिकांश पर्यटक जाने भएकाले स्थानीय शेर्पा, तामाङलगायतका जातिका मानिसले मात्र गाइडको काम गर्थे भने हिजोआज पर्यटकीय स्थलहरूको प्रचार बढ्दै जाँदा अन्य जात र स्थानका महिलाको प्रवेश बढ्दै गएको छ। महिला पथप्रदर्शक मीना आलेका अनुसार घर र काम दुवैको व्यवस्थापन गर्न निश्चय नै गाह्रो छ, त्यसमा पनि हप्तौँसम्म घरबाहिर बस्नुपर्ने काम भएकाले यो पेसामा लाग्नेहरूका लागि परिवारको साथ, सहयोग र विश्वास जरुरी हुन्छ। 'घर-परिवारको सहयोगका कारण मलाई सजिलो भएको छ,' उनले भनिन्।

सरकारले नेपाल भ्रमण वर्ष २०११ घोषणा गरेपछि बढेको पर्यटक आउने क्रमले महिला-पुरुष दुवै पथप्रदर्शकहरूलाई थप रोजगारी उपलब्ध गरायो। सन् २०२० सालसम्मै कुनै न कुनै स्थानलाई तोकेर पर्यटन वर्ष मनाउने नीतिले यो क्षेत्रमा काम गर्नेलाई थप उत्साहित बनाएको छ। विश्वयात्रा तथा पर्यटन परिषद्को सन् २०११ को प्रतिवेदनले विश्वमा पर्यटनले नौ प्रतिशत आर्थिक योगदान पुऱ्याएको उल्लेख गरेको छ। सन् २०११ मा नेपालमा करिब आठ लाख विदेशी पर्यटक भित्रिएका थिए।

पर्यटनमा महिला गाइडको सहभागिता बढाउन पोखराका तीन महिला कम्मर कसेर लागेका छन्। पर्यटन महिलाका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार पाइसकेका तीन दिदीबहिनी लक्की, निक्की र डिकीबाट थ्री सिस्टर्स कम्पनीको स्थापना भएको छ। आफ्नो वैवाहिक सम्बन्धबारे पनि वास्ता नगरी लामो समयदेखि पर्यटकको पथप्रदर्शक बनी काम गरेका थ्री सिस्टर्स आमनेपाली महिला दिदीबहिनीका लागि प्रेरणाको स्रोत बनेका छन्। उनीहरूकै पहलमा स्थापित थ्री सिस्टर्स कम्पनीले पर्यटक गाइड बन्न चाहने महिलालाई निःशुल्क र सशुल्क रूपमा तालिम प्रदान गर्दै आएको छ। 'हामीले आर्थिक स्थिति कमजोर भएका यो पेसामा लाग्न उत्सुक दिदीबहिनीलाई निःशुल्क रूपमा पनि तालिम दिने गरेका छौँ,' कम्पनीका सञ्चालक लक्की कार्कीले भनिन्। हाल उक्त कम्पनीबाट करिब सात सय महिलाले ट्रेकिङ गाइड तालिम प्राप्त गरिसकेका छन्। ट्रेकिङ गाइड महिलाको आर्थिक स्तर राम्रो हुने गरेको कम्पनीकी अध्यक्ष लक्की कार्कीको भनाइ छ। यही आर्यआर्जनका कारण विगतमा विभिन्न हिंसामा परेका महिला पनि क्रमशः हिंसामुक्त हुँदै गएका छन्। घर-परिवारमा अनेक तनाव झेल्दै तालिम लिन आएका महिला काम पाएपछि खुसी जीवन बिताउन थालेको थ्री सिस्टरको अनुभव छ।

पर्यटक गाइड बन्नका लागि केही निश्चित योग्यता आवश्यक छन्, चाहे त्यो महिलालाई होस् या पुरुषलाई। मीठो बोलीवचन, सौहार्दपूर्ण व्यवहार, भाषाको ज्ञान, स्थानीय चालचलन र संस्कृतिको जानकारी आदि। पर्यटक लिएर गाउँ पुग्ने पथप्रदर्शकहरू गाउँले र पर्यटक दुवैसँग उत्तिकै मिजासिलो रूपमा प्रस्तुत हुन सक्नुपर्छ। महिलाको हकमा सौहार्दपूर्ण व्यवहारले धेरै काम गरेको अनुभवीहरूको धारणा छ। उकालो-ओरालो, हिमाल-पहाड गर्दा कहिलेकाहीँ शारीरिक समस्या पनि हुन्छ, विशेषगरी महिनावारी हुँदा गाह्रो हुन्छ तर त्यसलाई जिन्दगीको भोगाइको एक अंशका रूपमा लिन्छन् पर्यटक गाइड महिला। पर्यटक गाइड विनिताले भनिन्, 'महिनावारी हुँदाभन्दा पनि गर्भवती भएपछि महिलालाई अप्ठ्यारो हो, केही महिना पुगेपछि कामबाटै विश्राम लिनुपर्छ। महिला पथप्रदर्शकका यसप्रकारका विशेष अवस्थाबारे अहिलेसम्म खासै सोचिएको छैन।' मिहिनेतअनुसार राम्रो आर्थिक आम्दानी हुने भएकाले यो क्षेत्रमा महिलाको रुचि बढ्दै गएको छ। नेपाली भावनात्मक हुने हुँदा आफूले घुमाएका कतिपय पर्यटकहरूसँग पछिसम्म सम्बन्ध बढाएको पनि देखिन्छ। हिजोआज महिला पर्यटकमध्ये धेरैले सकेसम्म महिला गाइड नै भइदिए हुन्थ्यो भन्ने चाहना राख्ने गरेकाले महिला पथप्रदर्शकको माग बढ्दै गएको छ। मुलुकमा शैक्षिक बेरोजगारी बढिरहेको बेला शिक्षित महिलाका लागि यसलाई एउटा राम्रो अवसरका रूपमा लिन सकिन्छ।

*साभार : संचारिका फिचर सेवा*

*(कृपा पोखरास्थित हिमदूत दैनिक र पोखरा एफएमसँग सम्बद्ध पत्रकार हुन्)*

# लैङ्गिक भूमिकामा परिवर्तन आवश्यक

गाउँ हुन् या सहर महिलाले पहल गरेर पुरुषसमेतको सहभागितामा अगाडि बढाइएका कार्यक्रम बढी प्रभावकारी देखिएका छन् । महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन र लैङ्गिक हिंसा अन्त्य गर्नका लागि समाजले निर्धारण गरेका लैङ्गिक भूमिकामा परिवर्तन आवश्यक छ ।

✍ **उमा पौडेल**

मलामी जान, बाबुआमाको किरिया गर्न, धुरीमा चढेर घर छाउनलगायतका लिङ्गका आधारमा महिलाले गर्न नहुने भनी समाजले छुट्याएका कामलाई सिन्धुलीका महिलाले अब चुनौतीका रूपमा लिँदै आफैं गर्न थालेका छन् । सिन्धुली कमलामाई नगरपालिका-५ ढकालगाउँकी २२ वर्षीया रमिला देवकोटाले आफ्ना श्रीमान्को लासमा दागबत्ती दिएकी छिन् । २८ वर्षीय श्रीमान् निर्मलको हृदयाघातबाट मृत्यु भएपछि रमिलाले मृत शरीरमा दागबत्ती दिएकी हुन् । आफूले श्रीमान्को लासमा दागबत्ती दिन पाउनुपर्ने भनी मलामी तथा घरपरिवारसँग अनुरोध गर्दा अधिकांशले त्यस कुराको विरोध गरेका थिए । कतिले त महिलाले सागरमा जानुहुँदैन भनेर रमिलालाई भनेका थिए । तर, परिवारले स्वीकार गरेपछि उनले दागबत्ती दिएकी थिइन् । दुई छोरीकी आमा रमिलाले श्रीमान्को मृत शरीरमा दागबत्ती दिएको कुरालाई जिल्लामै अनौठो घटनाको रूपमा लिइएको छ । निर्मलको मलामी गएका माणिक ढकालले घरमा नौ महिनाकी छोरी छोडेर श्रीमान्को मृत शरीरमा दागबत्ती दिनु ठूलो साहस भएको बताए ।

रमिलाको यस कदमले अब श्रीमान्ले पनि श्रीमतीलाई दागबत्ती दिनका लागि सोच्न सक्ने ठाउँ छोडिदिएको छ । सिन्धुलीका सञ्चारमाध्यमहरूले यो घटनालाई महिला सशक्तीकरणको उदाहरणको रूपमा प्रस्तुत गरे । अहिले मलामी जानु महिलाका लागि सामान्य भएको छ ।

सिन्धुलीकै धुराबजारमा बस्ने इनकुमारी देवकोटाले पनि तीन वर्षअघि आफ्नी आमाको दाहसंस्कार र काजकिरिया आफैंले गरेकी थिइन् । एक मात्र दाजुको सशस्त्र द्वन्द्वकालमा मृत्यु भएपछि घरमा चारजना छोरीमध्ये इनकुमारीले आमाको किरिया गरेकी हुन् । छोराको मृत्यु भएपछि आमाले जहिले पनि अब कसले मेरो काजकिरिया गर्छ भनेर चिन्ता गरेपछि आफूले विवाह नगरी बसेको इनकुमारीले बताइन् । उनले भनिन्, 'एउटा असल छोराले बुबाआमाका लागि जे-जति गर्छ म त्यही गर्छु मेरो परिवारका लागि भनेर मैले प्रतिबद्धता नै जनाएँ र विवाह गरिनँ ।' तर, उनको ठाउँमा छोरा भइदिएको भए बाबुआमाको सेवा गर्दा विवाहबाट वञ्चित हुनुपर्दैनथ्यो । इनकुमारीले आमाको तिथि श्राद्धसमेत गर्दै आएकी छिन् । जसबाट समाजमा फरक सन्देश त गएको छ नै इनकुमारीका बुबालाई खुसीसमेत तुल्याएको छ । उनले भने, 'छोराको मृत्युपछि धेरै निराशा छाएको थियो, छोरीले धर्म-संस्कृतिअनुरूप छोराले गर्ने सबै काम गरेपछि छोरा र छोरीमा केही फरक छैन भन्ने अनुभूति भएको छ ।' इनकुमारी आफ्नो गाउँमा पहिलोपटक एसएलसी पास गर्ने महिला पनि हुन् ।

जिल्ला सदरमुकाममा मात्रै नभएर बाहिर गाउँमा पनि महिलाले लैङ्गिक विभेदलाई चुनौती दिन थालेका छन् । गाउँमा आफ्नै सक्रियतामा महिलाले विभिन्न समूह बनाएर काम गर्न थालेका छन् । राजनीतिकलगायत अन्य विषयमा महिलामा चेतनाको वृद्धि भएको छ र उनीहरूले हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको आवाज उठाउन थालेका छन् । महिला एक भएर विभिन्न समूह तथा कार्यक्रममा सहभागी हुन थालेपछि गाउँमा एकप्रकारको लहर नै छाएको छ । विशेषगरी महिलामाथि हुने हिंसा अन्त्यका लागि महिला आफैंले कोसिस गरिरहेका छन् । समाजले निर्धारण गरिदिएको लैङ्गिक भूमिकामा सीमित नरहेर घरबाहिर निस्किन थालेपछि महिलालाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आउन थालेको छ । महिलाले धुरीमा चढेर घर छाउने, हलो जोत्ने, काजकिरिया गर्नेजस्ता काम गरेपछि अब महिला र पुरुषमा के फरक छ र ? भन्न थालिएको छ । यद्यपि समाजमा जरा गाडेर बसेको विषय भएका कारण लैङ्गिक हिंसाका विविध रूपको निरन्तरता पनि जारी नै छ ।

सिन्धुलीकी महिला विकास अधिकृत चन्द्रकला श्रेष्ठका अनुसार हिजोआज महिला लैङ्गिक हिंसा र समानताका क्षेत्रमा निकै चेतनशील छन्, तथापि

गर्नुपर्ने कुरा धेरै छन् । समानता, अधिकार र लैङ्गिक हिंसाका सम्बन्धमा महिला विकास कार्यालयले जिल्लाका विभिन्न क्षेत्रमा काम गरिरहेको छ । महिला अधिकारकर्मी उमा कोइराला केही वर्षमै लैङ्गिक हिंसालाई पूर्णरूपमा कम गर्न महिला सफल हुने दाबी गर्छिन् । उनका अनुसार, महिला हिंसा पूर्ण रूपमा अन्त्य गर्नका लागि हरेक निर्णायक तथा नेतृत्व तहमा महिला सहभागिता हुन आवश्यक छ ।

विगत लामो समयदेखि पत्रकारितामा संलग्न द्वारिका काफ्लेले महिलाको सकारात्मक छवि प्रस्तुति र महिला हिंसाविरुद्ध सिन्धुलीका मिडिया सधैं अगाडि रहेको बताए । 'महिलाले गरेका राम्रा कामको प्रचार हुँदा उनीहरूको आत्मबल बढ्ने र उनीहरूलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन हुने रहेछ,' काफ्लेको भनाइ छ । महिला भएकै कारणले उनीहरूलाई कामबाट र अवसरबाट वञ्चित गराइनु लैङ्गिक हिंसा हो भन्ने बुझाइले क्रमशः व्यापकता पाउँदै गएको छ । यो कुरा महिलाले मात्र नभएर पुरुषले पनि बुझ्नु र आत्मसात् गर्नु आवश्यक छ । लैङ्गिक हिंसाविरुद्धको अभियानमा महिला मात्रै लागेर पुग्दैन, पुरुषको सहभागिता त्यत्तिकै आवश्यक छ भन्ने कुराको सन्देश पनि गाउँगाउँमा पुगे यसले छुट्टै महत्व राख्छ । महिला हितको कुरा महिलाले मात्रै गर्नुपर्छ भन्ने कुराबाट माथि उठेर समानताका कुरामा महिला-पुरुष दुवैको उत्तिकै भूमिका हुनुपर्ने सन्देश फैलाउनुपर्ने देखिन्छ । गाउँ हुन् या सहर महिलाले पहल गरेर पुरुषसमेतको सहभागितामा अगाडि बढाइएका कार्यक्रम बढी प्रभावकारी देखिएका छन् । महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन र लैङ्गिक हिंसा अन्त्य गर्नका लागि समाजले निर्धारण गरेका लैङ्गिक भूमिकामा परिवर्तन आवश्यक छ ।

*साभार : संचारिका फिचर सेवा*

*(उमा रेडियो सिन्धुलीगढीमा कार्यरत पत्रकार हुन्)*

# हिंसाको जड नियन्त्रणमा महिला

**दिनभर घर तथा घरबाहिरको कामबाट थाकेका महिलामाथि जुवातास र मदिरामा समय बिताएर घर फर्कने पतिले गर्ने अत्याचार बढ्दै गएपछि महिलाले यस्तो अभियान सुरु गरेका हुन् ।**

**✍ यादव ओझा (प्रशान्त)**

मदिरा सेवनले घरायसी हिंसा र समाजमा विकृति बढ्दै गएपछि डडेल्धुराको विकट ग्रामीण क्षेत्र कैलपालमाडौं गाविस- २ रेलका महिला मदिरा नियन्त्रणको अभियानमा जुटेका छन् । समाजमा बढ्दो विकृतिसँगै घरायसी हिंसा पनि मदिरा सेवनकै कारणले बढी हुने गरेकाले आफूहरूले मदिरा नियन्त्रणको अभियान नै सञ्चालन गर्नुपरेको अभियानकी अगुवा कृष्णा ओझा बताउँछिन् । महिला पुरुषको तुलनामा पछि पर्दै आएकाले नेपाली समाजमा रहेको कुसंस्कारलाई हटाउन महिलाले नै अगाडि बढ्नुपर्ने धारणा उनको छ ।

सधैंजसो दिनभर मदिरा सेवन गरेर पुरुष साँझ घर फर्कने र महिलामाथि विभिन्न प्रकारका लाञ्छना लगाउँदै हिंसा गर्ने गरेको एवम् कतिपय महिलाले पुरुषको कुटाइसमेत खानुपरेको तीतो उदाहरण आफ्नो समुदायमा रहेको मदिरा नियन्त्रण अभियानकी अर्की महिला ठगु लुहारले बताइन् । महिलामा पनि दलित महिला भएकाले मदिरा सेवनको कारणले हुने हिंसा आफूले बढी भोग्दै आउनुपरेको उनको बुझाइ छ । तर के दलित, के गैरदलित मदिरा पिउने पुरुषका घरका महिलाको अवस्था भने धेरै फरक छैन । दिनभर घर तथा घरबाहिरको कामबाट थाकेका महिलामाथि जुवातास र मदिरामा समय बिताएर घर फर्कने पतिले गर्ने अत्याचार बढ्दै गएपछि महिलाले यस्तो अभियान सुरु गरेका हुन् ।

महिलासँगै बालबालिकामा मदिरा सेवनको नराम्रो प्रभाव बढ्दै गएकाले अहिले निम्नमाध्यमिक तहमा अध्ययन गर्ने बालबालिका पनि यसको सिकार

हुँदै गएका छन् । आफ्ना पुरुष अभिभावकको सिको बालबालिकाले पनि गर्दै गएकाले बालबालिका पनि मदिरा तथा धुम्रपान सेवनतिर लाग्ने गरेको स्थानीय हरियाली बाल क्लबका पूर्वअध्यक्ष रामचन्द्र ओझाले बताए । उनले पुरुषको सिको गर्दागर्दै बालबालिकामा पनि यसको प्रभाव पर्न थालेकाले यसको नियन्त्रणको अभियान जरुरी भएको बताए ।

हरियाली बाल क्लबका पूर्वसचिव टेकराज ओझाका अनुसार बाल क्लबले पनि एकपटक मदिरा नियन्त्रणको अभियान चलाएको थियो, तर बालबालिकाको अभियानलाई अभिभावकले साथ नदिँदा त्यो त्यसै सेलाएर गयो । क्लबको कार्यक्रममा समेत स्थानीय पुरुष अभिभावक मदिरा सेवन गरेर आउने र क्लबका पदाधिकारीलाई धम्क्याउने गरेपछि सबै चुपचाप लागेका थिए ।

गाउँको माध्यमिक विद्यालयनजिकै मदिरा बेचबिखनका पसलहरू हुनाले यसको असर विद्यालय पढ्ने बालबालिकामा पनि बढ्न थालेको छ । मदिरा सेवन गरेर स्थानीय अभिभावक विद्यालयमा जाने गरेका र विद्यालयपरिसरकै बाटो भएर ओहोरदोहोर गर्ने हुनाले मदिरा सेवनले विद्यालयसमेत प्रभावित हुने गरेको हो । महिला तथा बालबालिकामाथि हुने गरेका शोषण तथा हिंसाको प्रमुख कारण नै मदिरा सेवन भएको स्थानीय बुद्धिजीवी धर्मदेव ओझा बताउँछन् । पुरुषले मदिरा सेवन गरेकै कारण महिला घरबाट अपहेलित हुनुपरेको र परिवारमा बस्न नसक्ने अवस्था आउने गरेको उनले बताए । मदिरा सेवन गर्ने अधिकांश पुरुषको घरमा महिलामाथि हिंसा हुने उनको भनाइ रहेको छ ।

क्रमशः हुँदै गएको सामाजिक परिवर्तन र महिला हिंसाप्रति बढ्दो महिला सचेतनाले अहिले गाउँमा महिला हिंसाविरुद्धका विभिन्न कार्यक्रम तथा अभियान गर्ने गरिएको छ । घरायसी हिंसाको प्रमुख कारकतत्व मदिराको नियन्त्रण गर्न महिला आफैं अग्रसर भएपछि उक्त गाउँमा घरेलु हिंसामा कमी आएको छ ।

सामाजिक अगुवा रामचन्द्र ओझाका अनुसार गाउँका महिलामा चेतना बढ्दै गएको छ, तर पुरुषमा भने अझै पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । महिलामाथि हुने अनेक प्रकारका हिंसामध्ये घरेलु हिंसा नै अहिले डडेल्धुराका महिलाको मुख्य समस्या हो । महिलाले खेपिरहनुपरेका दुःखकष्ट र उनीहरूले झेल्दै आएको हिंसाको निराकरणका लागि अहिले शिक्षित र समाजका केही अगुवा महिलाले जसरी पहल चालेका छन् त्यसमा सबैको उत्तिकै साथ रहेको मदिरा नियन्त्रण अभियानकी अभियन्ता गंगादेवी लुहारले बताइन् । उनले मदिरा नियन्त्रणका लागि क्लब तथा राजनीतिक दल र गाविस कार्यालयसँग पनि साझेदारी गर्ने आफूहरूको चाहना रहेको बताइन् ।

नेपाल सरकारले घरेलु हिंसा नियन्त्रणका लागि कानुन नै ल्याएको छ । ०६५ मा जारी भएको घरेलु हिंसासम्बन्धी कसुर र सजाय ऐनको परिभाषामा भनिएको छ- घरेलु हिंसा भन्नाले कुनै घरेलु सम्बन्ध भएको कुनै व्यक्तिले दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र यो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ । यस ऐनलाई टेकेर कानुनी कारबाहीको बाटो अपनाउन सक्ने अवस्था भए पनि जिल्लाका महिलाले यसको उपयोग भने गर्न सकेका छैनन् । मदिरा या अन्य कुनै पनि कारणबाट हुने महिलामाथिको हिंसाविरुद्ध घरेलु हिंसासम्बन्धी कानुनको प्रयोग गरिनु आवश्यक छ । कानुनको प्रयोगका लागि आफूले सकेको कोसिस गरिरहेको नेपाल प्रहरीले जानकारी दिएको छ । डडेल्धुरामा घरेलु हिंसाका कारण महिलाले आत्महत्या गर्ने क्रम पनि बढ्दो छ । मदिराका कारण हुने कुटपिटका साथै बालविवाह, बहुविवाह, छुवाछूतजस्ता व्यवहारबाट पनि महिला त्यत्तिकै पीडित छन् । केही समययता सम्बन्धविच्छेदका घटना पनि बढ्दै गएका छन्, सम्बन्धविच्छेदको प्रमुख कारण पनि घरेलु हिंसा र महिलालाई हेर्ने दृष्टिकोण नै प्रमुख बनेको छ । एउटै जिन्दगीमा बालविवाह र बहुविवाहको पीडा भोग्ने महिलाको सङ्ख्या पनि ठूलै छ । यस्ता विविध हिंसाबाट महिलालाई मुक्त गर्नका लागि कानुनको कार्यान्वयन र थप सामाजिक अभियानको आवश्यकता छ ।

*साभार : संचारिका फिचर सेवा*

*(यादव ओझा डडेल्धुराका पत्रकार हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौँ। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौँ। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौँ। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौँ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

संयोजन /सम्पादन